# प्रेस विज्ञप्ती

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सातै प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयहरुबीच संघीयता कार्यान्वयनमा उद्योग, वाणिज्य तथा आपूर्ति सम्वन्धी अधिकारको हस्तान्तरण, संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार लगायतका बिषयहरुमा एक छलफल कार्यक्रम आयोजना गरियो ।

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवको संयोवकत्वमा सम्पन्न उक्त छलफल तथा अन्तरक्रिया कार्यक्रममा सातै प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीहरु, एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरु, महाशाखा प्रमुखहरु, विभागीय प्रमुखहरु साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगका सचिवहरु र राष्ट्रिय योजना आयोगका माननीय सदस्यको समेत उपस्थिती रहेको थियो ।

उक्त अवसरमा सातैवटा प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीहरुले प्रदेश मन्त्रालयले व्यहोर्नु परेका समस्या, कर्मचारी अभाव एवम् कार्यक्रमको हस्तान्तरणको वारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो । साथै उहाँहरुले कार्यक्रम तथा वजेट हस्तान्तरण गर्नुपर्ने, कर्मचारी एकमूष्ठ रुपमा पठाउनु पर्ने, बिषय विज्ञ कर्मचारीहरु खटाउनु पर्ने साथै प्रदेशमा भएको औद्योगिक क्षेत्र, औद्योगिक ग्रामहरु, कृषि तथा निकासीका वस्तुहरु, व्यापार र बजार अनुगमन तथा आपूर्ति व्यवस्थापनका कार्यहरु संघ, प्रदेश र स्थानीय तहको समन्वयमा गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवले सहभागी मन्त्रीहरुलाई स्वागत गर्दै समृद्ध नेपाल सुखी नेपाली भन्ने वर्तमान सरकारको लक्ष्य कार्यान्वयनमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको महत्वपूर्ण भूमिका रहने हुँदा यि क्षेत्रका कार्यक्रमहरु कायान्वयनमा प्रदेश सरकारका मन्त्रीहरुको सहयोग र समन्वय रहने विश्वास व्यक्त गर्नुभएको थियो । संघीयता कार्यान्वयनको शुरुवाती चरण भएकोले केही दुविधाहरु आउनु स्वभाविक हुन् यद्धपी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उपलब्ध साधन श्रोत प्रदेश स्तरमा हस्तान्तरण गरी सेवा प्रवाह एवम् संघीयता कार्यान्वयनमा कुनै कसर बाँकी नराख्ने धारणा राख्नुभएको थियो ।

मिति : २०७५/०६/०४

दिनेश भट्टराई
प्रवक्ता
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय